चित्र न. ५: बासको जालीबाट मह छान्दै। स्रोत: Surendra Raj Joshi

- महलाई छाउरा, पराग, पानी, धुँवा अवशेष वा अन्य पदार्थसँग मिसिन नदिने।
- महलाई हावा नछिर्ने फुड-ग्रेड कन्टेनरमा भण्डारण गर्ने तथा स्थान, समय र समूहको विवरण स्पष्ट रूपमा लेबल गर्ने।
- मूल्य अभिबृद्धिका लागि मौरीको मैन सफा गरी छुट्टै भण्डारण गर्ने ।
- मह र मैनको उत्पादन तथा चाकाको आकार र तौलको अभिलेख राख्ने ।

५. दिगोपना र वातावरणीय चेतना:

- एउटै भीरबाट बारम्बार अत्यधिक मह संकलन नगर्ने । मौरीलाई पुनरुत्पादन गर्न पर्याप्त समय दिने।
- बार्षिक र मौसमी रुपमा जम्मा गोलाको संख्या र मह संकलन गर्न मिल्ने गोलाको नियमित अनुगमन गर्ने।
- भिर मौरीको गोलाको संख्या घटेको देखिने भिरलाई 'नो-हार्भेस्ट (NO- Harvest)' क्षेत्रको रुपमा घोषणा गर्ने।
- भिर मौरीकोसंरक्षणमा ध्यान दिने , किनकि यो प्रजाति उच्च पहाडी पारिस्थितिक प्रणालीका लागि अत्यन्त महत्वपूर्ण छ ।
- परम्परागत ज्ञान र सीप को सम्मान गर्दै त्यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रोत्साहन गर्ने।

सन्दर्भ सामग्री:

Joshi, S. (2026). Guidelines for Sustainable Harvesting of Himalayan Cliff Bee Honey. DRAFT for Review. UNIDO/GMAP.

Thapa, R., Shrestha, T.K. & Subedee, S. (2025). Native Bees and their conservation. Proceeding of the National Plant Protection Workshop, 2025 (pp. 102-116).

कृषि विकास मन्त्रालय (२०७३). मौरी प्रवर्धन नीति।

कृषि विकास मन्त्रालय (२०७४). नेपाल असल मौरीपालन अभ्यास कार्यन्वयन निर्देशिका।

तयारकर्ता

होम बहादुर वि.क, प्रमुख

सुरक्षा सुवेदी, बाली संरक्षण अधिकृत

सम्पादक

डा. सुरेन्द्र राज जोशी,

मौरी विज्ञ, काठमाडौँ

प्रकाशक

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

कृषि विभाग

व्यावसायिक कीट विकास केन्द्र

मौरी विकास केन्द्र

गोदावरी, ललितपुर

फोन नः : +९७७-१-५१७४१३८/५१७४०५२

इमेलः bgodawari@gmail.com/ info@apidc.gov.np

वेबसाइटः apidc.gov.np

भिर मौरीको मह काढ्दा र संकलन गर्दा ध्यान दिनुपर्ने विषयहरु

भिर मौरीको मह काढ्दा र संकलन अत्यन्तै जोखिमपूर्ण तर परम्परागत ज्ञान र सीपमा आधारित कार्य हो। यस प्रक्रियामा मौरी गोलामा न्युनतम असर पुऱ्याई मह शिकारीहरुको सुरक्षा सुनिश्चित गर्नु आवश्यक हुन्छ। त्यसका लागि निम्न विषयहरुमा विशेष ध्यान दिनुपर्ने हुन्छः

१. तयारी र पूर्व-योजना:

- मह संकलन गरिने भीर, गोलाको आकार, अवस्थिति र भीरको बनावटको स्थलगत सर्वेक्षण र विस्तृत अध्ययन गर्ने।
- संकलनको दिन र त्यसपछिका केही दिनको मौसम पूर्वानुमान विश्लेषण गर्ने। हावाहुरी, वर्षा वा अत्यधिक चिसो हुने सम्भावना भएमा कार्य स्थगित गर्ने।
- सुरक्षा उपकरण (घुम्टी, हार्नेस, डोरी, पञ्जा, प्राथमिक उपचार किट), संकलन उपकरण (धुवाँ लगाउने सामग्री, खुकुरी, भाँडो, जाली) र अन्य आवश्यक उपकरणहरू पर्याप्त मात्रामा तयारी अवस्थामा राख्ने ।
- अनुभवी र दक्ष व्यक्तिहरू सम्मिलित टोली गठन गर्ने । प्रत्येक सदस्यको भूमिका (मह काट्ने, डोरी समात्ने, धुवाँ लगाउने, सुरक्षा निगरानी गर्ने) स्पष्ट रूपमा निर्धारण गर्ने ।

- संकलनका लागि स्थानीय समुदाय वा सामुदायिक वनसँग आवश्यक अनुमति लिने र समन्वय गर्ने ।

२. सुरक्षा उपायहरू:

- टोलीका प्रत्येक सदस्यले अनिवार्य रूपमा घुम्टी, सुरक्षा हार्नेस, डोरी, पञ्जा र बलियो जुत्ता लगायतका व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग गर्ने ।

चित्र न. १: सुरक्षाका उपायहरु सहितको मह शिकार ।

स्रोत: Andrew Newey

- बलियो र भरपर्दो डोरी प्रयोग गर्ने तथा डोरीको अवस्था नियमित रूपमा जाँच गर्ने ।
- सम्भावित जोखिमहरू (ढुङ्गा खस्ने, डोरी चिप्लिने, मौरीको टोकाइ आदि) को पूर्व मूल्यांकन गरी न्यूनीकरणका उपायहरू अपनाउने ।
- आकस्मिक दुर्घटनाका लागि प्राथमिक उपचार तथा उद्धार योजना तयारी अवस्थामा राख्ने ।
- टोलीका सदस्यहरूबीच स्पष्ट र निरन्तर सञ्चार कायम राख्ने ।

३. मह संकलन प्रक्रिया:

- मौरीलाई शान्त पार्न र उनीहरूलाई गोलाबाट टाढा राख्नका लागि सावधानीपूर्वक धुवाँ प्रयोग गर्ने तर अत्यधिक धुवाँ प्रयोग नगर्ने, किनकि यसले मौरीको पुनः फर्कने व्यवहारमा असर पार्न सक्छ ।
- मौरी गोला जमिन बाट नजिकै छ भने धारिलो औजार प्रयोग गरी गोलाको माथिल्लो भागमा रहेको मह मात्र काट्ने । लार्भा र प्युपा भागहरू सकेसम्म क्षति नगर्ने, जसले गर्दा मौरीको गोलालाई न्यूनतम हानी होस् । चित्र न. २ मा देखाए जस्तै महलाई बाँसको सहायताले झारी तल थपिएको भाँडोमा संकलन गर्ने ।

चित्र न.२: भितयनाममा प्रयोग गरिने मह शिकारको तरिका । स्रोत: Pham Duc Hanh

- मह शिकारीले मह काढ्नु अगाडी राम्रोसँग हात धुने र मह संकलन गर्दा भिरमा चुरोट पिउने वा अन्य कुनै कुरा खाने पिउने गर्नु हुँदैन ।
- प्रयोगमा आउने सम्पूर्ण सामग्रीहरु सफा र प्रदुषण रहित बनाउने ।
- नचाहिने छाउरा चाका तथा मैन सुरक्षित रूपमा संकलन गरी मैन प्रशोधनमा प्रयोग गर्ने
- मरेका मौरीहरुलाई खाल्डो खनि पुरिदिने ।
- काटिएको महलाई सिधै भाँडोमा वा जालीको थैलोमा संकलन गर्ने ।
- मह खस्न नदिन वा बर्बाद नहोस् भनी सावधानी अपनाउने ।
- सकेसम्म मौरीलाई कम क्षति पुर्याउने गरी काम गर्ने । मह संकलन गरिसकेपछि मौरीलाई आफ्नो स्थानमा पुनःस्थापित हुन दिने ।

४. संकलनपछिको व्यवस्थापन:

- मह संकलन पश्चात प्रत्येक भिरबाट महको भौतिक, रासायनिक. परागकण विशेल्षणको लागि २-३ वटा प्रतिनिधि मह नमुनाहरु (प्रत्येक २५० ग्राम) छुट्टै राख्ने ।
- चाकाबाट मह र छाउराको भाग सावधानीपूर्वक अलग गर्ने ।

चित्र नं. ३: मह चाका र छाउरा चाका लाई अलग गर्ने । स्रोत: ICIMOD

- महको चाकालाई सफा टुक्रामा भाँच्ने, निचर्ने र फुड-ग्रेड स्टिलको जाली वा सफा सुति कपडाबाट छान्ने ।

चित्र न. ४: मह चाकाबाट मह निचोर्दै । स्रोत: AFP